# नेपाल बार एशोसिएशन

रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : info@nepalbarassociation.org.np
neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np


प.सं.

नेपाल संवत् ११४६ मिति: २०८३ जेठ १९ गते


**केन्द्रीय कार्यसमिति**
(२०८२-२०८५)

**अध्यक्ष**
वरिष्ठ अधिवक्ता प्रा.डा. विजयप्रसाद मिश्र

**उपाध्यक्ष**
अधिवक्ता पदम प्रसाद लिम्बु
अधिवक्ता भूपेन्द्र खनाल
अधिवक्ता सरस्वती श्रेष्ठ
अधिवक्ता अजय शंकर झा "रुपेश"
अधिवक्ता विवसकुमार बस्नेत
अधिवक्ता कृष्ण प्रसाद पोखरेल
अधिवक्ता तेज बहादुर रावल
अधिवक्ता सिद्ध राज ओझा

**महासचिव**
वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराला

**कोषाध्यक्ष**
वरिष्ठ अधिवक्ता जगत बहादुर कार्की

**सचिव**
अधिवक्ता बाबुराम अर्याल

**सदस्यहरु**
वरिष्ठ अधिवक्ता राजकुमार श्रेष्ठ
अधिवक्ता मंगल सुन्दर शिल्पकार
अधिवक्ता किरण न्यौपाने
अधिवक्ता शारदा गुरुङ
अधिवक्ता दमन बहादुर चन्द
अधिवक्ता सूर्य कुमार यादव
अधिवक्ता डा. मुकुन्द अधिकारी
अधिवक्ता रंजिता कार्की
अधिवक्ता माधव मैनाली
अधिवक्ता रिंकु कुमारी यादव
अधिवक्ता किरण पौडेल
अधिवक्ता इन्दिरा आचार्य
अधिवक्ता चिरञ्जीवी तिल्क्यानी


# प्रेस विज्ञप्ती

नेपालको सार्वभौमसत्ता, स्वतन्त्रता, राष्ट्रिय स्वाभिमान र भौगोलिक अखण्डताजस्ता अत्यन्त संवेदनशील विषयमा सम्माननीय प्रधानमन्त्री बालेन्द्र शाहज्यूले मिति २०८३ जेठ १७ गते प्रतिनिधि सभाको बैठक चलीरहँदा प्रश्नोत्तरका क्रममा व्यक्त गर्नुभएको धारणाप्रति नेपाल बार एशोसिएशनको गम्भीर ध्यानाकर्षण भएको छ ।

नेपालको भूमि, सीमा र राष्ट्रिय स्वाधीनतासम्बन्धी विषय सम्पूर्ण नेपाली जनताको साझा राष्ट्रिय विषय हो । यस्तो संवेदनशील राष्ट्रिय मुद्दामा प्रधानमन्त्रीले संसद्को रोष्ट्रमबाट दिनुभएको गैरजिम्मेवार अभिव्यक्तिले देशको स्थापित अडान, द्विपक्षीय अन्तर्राष्ट्रिय मञ्चमा नेपालको कूटनीतिक दाबी र राष्ट्रिय एकतालाई गम्भीर रुपमा कमजोर बनाउने काम गरेको छ ।

यस्ता महत्वपूर्ण विषयमा भावनात्मक वा हठात् निर्णयका आधारमा नभई ऐतिहासिक तथ्य, अकाट्य प्रमाण, नाप-नक्सा, सन्धि-सम्झौता, जलविज्ञानजस्ता विषयमा आधारित भई दुवै देशका प्राविधिकहरूले टुङ्ग्याउने विषय हो । नेपालको ऐतिहासिक नक्सा, दस्तावेज, जलविज्ञान तथा भूगोलसम्बन्धी प्रमाणहरूका आधारमा सिमा विवादका समाधान गरिनु पर्दछ भन्ने मान्यता यस एशोसिएशन राख्दछ ।

अन्तरदेशीय रूपमा उत्पन्न हुने सिमा विवादको समाधान ऐतिहासिक तथ्य, प्रमाण, कूटनीतिक संवाद र अन्तर्राष्ट्रिय मान्यताका आधारमा हुनपर्दछ । सम्माननीय प्रधानमन्त्रीज्यूको "नेपालले पनि सीमा मिचेको छ" भन्ने गैरजिम्मेवार अभिव्यक्ति हलुका टिप्पणी र राष्ट्रिय हित र स्वाभिमान माथिको ठूलो कुठाराघात समेत हो ।

खेती कमाइ वा नदीको धार परिवर्तनले हुने प्राविधिक 'क्रस होल्डिङ' लाई राज्यस्तरबाट भएको रणनीतिक भूमि अतिक्रमणसँग तुलना गर्न मिल्दैन । यस्ता विषयमा सामान्य कुटनीतिक ज्ञान समेत नराखी गरिएको अभिव्यक्ति खेदजनक छ ।

आगामी दिनमा राष्ट्रिय हित, सार्वभौमसत्ता र भौगोलिक अखण्डतासम्बन्धी विषयमा सरकारलाई स्पष्ट, तथ्यपरक र जिम्मेवार ढङ्गले प्रस्तुत हुन जोडदार माग गर्दछौं । नेपालको एक इञ्च भूमि पनि कसैलाई छोड्न नसकिने अडाननमा सिंगो देशसँगै नेपाल बार एशोसिएशन पनि अग्रपङ्क्तिमा रहेको छ ।

वरिष्ठ अधिवक्ता केदार प्रसाद कोइराल
महासचिव